**मन्त्रालयबाट स्वीकृत मितिः २०८१।०५।१७**

**<u>प्रस्तावना</u>** : महिलाको श्रम बजारमा पहुँच अभिबृद्धि गर्न, पुनः प्रवेश प्रक्रियामा सहजीकरण गर्न र श्रम बजार सम्बद्ध सीप तथा क्षमता विकासमा टेवा प्रदान गरी दक्ष जनशक्ति आपूर्ति गर्ने उद्देश्यका साथ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ४२ मा रहेको रोजगारीको लागि तयारी क्लव सम्बन्धी प्रावधानलाई पारदर्शी र व्यवस्थित तवरले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो मापदण्डको नाम "रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ भई युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालन अवधिभर लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;-

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "इकाई" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्छ।

(छ) "युवा सहजकर्ता" भन्नाले यस मापदण्ड बमोजिम नियुक्त युवा सहजकर्ता सम्झनु पर्छ।

(ज) "रोजगार सेवा केन्द्र" भन्नाले ऐनको दफा १० बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनु पर्छ।

(झ) "रोजगार संयोजक" भन्नाले निर्देशिकाको दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

## परिच्छेद- २

## क्लव सम्बन्धी व्यवस्था

३. **क्लव सञ्चालन हुने स्थानीय तह** : रोजगारीको लागि महिला लक्षित क्लव इकाईले तोकेको स्थानीय तहमा सञ्चालन हुनेछ।

४. **क्लव गठनका उद्देश्यहरु** : रोजगारीका लागि महिला लक्षित क्लव सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) श्रम बजारमा उपलब्ध रोजगारीको अवसरमा महिलाको सहज पहुँच स्थापना गर्ने।

(ख) श्रम बजार सम्बद्ध सीप तथा क्षमता विकासमा सहजिकरण गर्ने।

(ग) श्रम बजारमा महिलाको आर्थिक सामाजिक सशक्तिकरण गर्न समन्वय र सहकार्य गर्ने।

५. **क्लवका सदस्य र प्राथमिकताक्रम** : स्थानीय तहमा रहेका सूचिकृत महिला बेरोजगार र रोजगारीमा संलग्न हुन चाहने महिलाहरुलाई क्लवमा आवद्ध गर्न सकिनेछ। क्वलमा सहभागी हुन चाहने सङ्ख्या तोकिएको भन्दा अधिक भएको अवस्थामा देहायको प्राथमिकताक्रम अनुसार सहभागी गराउनु पर्नेछः

(क) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका,

(ख) बेरोजगार रहेका विपन्न, दलित, जनजाति, सिमान्तकृत वर्गका महिला,

(ग) विगत एक वर्ष देखि रोजगारीमा संलग्न हुन नसकेका,

(घ) पूर्णकालीन रोजगारी तथा स्वरोजगारीमा संलग्न हुन इच्छुक।

६. **क्लवको गठन र सञ्चालन** : स्थानीय तहमा क्लव गठन र सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित स्थानीय तहको कुल वडा संख्याको कम्तिमा पचास प्रतिशत वडामा प्रति वडा एउटा क्लव गठन गरी सञ्चालन गर्नु पर्नेछ।

(ख) वडा छनौट गर्दा सूचिकृत महिला बेरोजगार संख्या अधिक रहेको आधार लिनु पर्नेछ।

(ग) क्लवमा अधिकतम ३० जना सहभागी रहेको हुनुपर्नेछ।

(घ) क्लवको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ।

७. **क्लव सञ्चालनको कार्ययोजना र स्वीकृति** : युवा सहजकर्ताले रोजगार संयोजकसँगको समन्वयमा क्लव गठन गर्ने र कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति लिनु पर्नेछ। सहजकर्ताले क्लवका सदस्यहरुबीच छलफलबाट क्लव सञ्चालन हुने कार्यतालिका तय गरी कार्य सञ्चालनको अनुमति लिई क्लव सञ्चालन गर्नु पर्नेछ।

८. **<u>क्लव सञ्चालन तथा सहजीकरण</u>** : तोकिएको युवा सहजकर्ताले क्लवको सञ्चालन तथा सहजीकरण गर्नेछ। सहजकर्ताले रोजगार सेवा केन्द्र वा केन्द्रको सिफारिसमा आवश्यकता अनुसार सम्बन्धित विषयको अनुभवि/विज्ञ व्यक्तिलाई आमन्त्रण गरी सहजीकरण गर्न/गराउन सक्नेछ।

९. **<u>क्लव सञ्चालनमा ध्यान दिनुपर्ने पक्षहरु</u>** : क्लव सञ्चालन गर्दा सहजकर्ताले देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) क्लवका सदस्यलाई सकारात्मक तवरले प्रोत्साहन गर्नुपर्ने,

(ख) रोजगार परामर्श सेवा उपलब्ध गराउँदा विषयवस्तुको जानकारी दिनुका साथै सहभागीलाई नियमित अभ्यास गर्नु/गराउनु पर्ने,

(ग) सबै सदस्यहरुलाई अनुभव आदान-प्रदान गर्ने, बोल्ने तथा सिक्ने अवसर प्रदान गर्नुपर्ने,

(घ) क्लवको सहजीकरणमा रोजगारीमा संलग्न हुने व्यक्तिहरुको उदाहरण र निजहरुले गरेका असल क्रियाकलापका सम्बन्धमा व्यवहारिक रूपमा प्रशिक्षण गर्नुपर्ने,

(ङ) क्लवका सदस्यको व्यक्तिगत आवश्यकता र परिस्थिति अनुसार वैयक्तिक तवरबाट समेत प्रशिक्षित गर्नुपर्ने।

१०. **<u>क्लवमा हुने प्रशिक्षण तथा सहजीकरणका विषयहरु</u>** : रोजगार सहजकर्ताले आवश्यकता अनुसार समूह विभाजन गरी देहायका विषयमा क्लवमा प्रशिक्षण तथा सहजीकरण गर्नु पर्नेछः-

(क) महिलाहरूलाई रोजगारीको खोजी गर्ने, रोजगारीको लागि आवेदन दिने र रोजगारीको क्रममा सामाजिक मूल्य मान्यतासँग सम्बन्धित चुनौतीहरू व्यवस्थापन गर्ने कार्यमा सहजीकरण गर्ने।

(ख) आफ्नो सीप तथा क्षमताको विश्लेषण गर्ने, श्रम बजारमा पहुँच अभिबृद्धि गर्न वा पुनः प्रवेश गर्न श्रम बजार सम्बद्ध सीप तथा क्षमता विकासमा आवश्यक सहजिकरण गर्ने।

(ग) रोजगारीको लागि आफ्नो वैयक्तिक विवरण तयार गर्ने, रोजगारीको अवसरमा आवेदन दिने, अन्तर्वार्तामा प्रस्तुत हुने लगायतका विषयमा सहजीकरण गर्ने।

(घ) महिला हक अधिकार र कार्यस्थलमा हुन सक्ने दुर्व्यवहारका सम्बन्धमा सचेतना तथा प्रतिरक्षा अपनाउने सम्बन्धमा सहजिकरण गर्ने।

(ङ) रोजगारीमा संलग्न भए पश्चात् समय व्यवस्थापन, परिवार व्यवस्थापन, सञ्चार, सामुहिक भावना विकास र चुनौतिहरुको समाधान सम्बन्धमा सहजिकरण गर्ने।

(च) रोजगारीको लागि शारीरिक, मानसिक तथा सामाजिक रूपमा तयारी हुन, आत्मविश्वास र कार्यकुशलता विकास गर्न सहजिकरण गर्ने।

(छ) नेपालको श्रम ऐन र श्रमिकको अधिकार सम्बन्धमा जानकारी गराउने।

(ज) रोजगारीका अवसरहरू खोजी गर्न सञ्जालहरू तयार गर्ने र अवसरहरु बारे सुसूचित गर्न सभा/सम्मेलन तथा सेमिनारमा भाग लिने सम्बन्धमा सहजीकरण गर्ने।

(झ) महिला र श्रमको बारेमा परम्परागत मान्यता र धारणालाई सम्बोधन गर्ने, महिला रोजगारीका सकारात्मक पक्षहरुको बारेमा परिवारका सदस्यहरूलाई जानकारी गराउने सम्बन्धमा सहजीकरण गर्ने।

(ञ) सार्वजनिक रोजगार सेवा सम्बन्धी अन्य विषयहरुमा जानकारी गर्ने।

**११.** **स्थानीय आवश्यकतालाई प्राथमिकता दिनुपर्ने :** रोजगार सेवा केन्द्रले युवा सहजकर्ताको सहभागितामा प्रशिक्षण तथा सहजीकरणका विषयवस्तु निर्धारण गर्नु पर्नेछ। प्रशिक्षण तथा सहजीकरणका विषयहरु निर्धारण गर्दा स्थानीय आवश्यकतालाई मध्यनजर गरी तय गर्नु पर्नेछ। प्रशिक्षण तथा सहजीकरणका विषयहरु स्थानीय तहमा उपलव्धता समेतका आधारमा सहज र पहूँच हुने गरी छनौट गर्नु पर्नेछ।

**१२.** **क्लव सञ्चालन हुनुपर्ने :** रोजगार सहजकर्ताले निर्धारित प्रशिक्षण तथा सहजीकरणका विषय बमोजिम क्लवको सञ्चालन गर्नु पर्नेछ। समयसापेक्ष रोजगार सेवा केन्द्रको परामर्शमा प्रशिक्षण तथा सहजीकरणका विषयहरुमा आवश्यक परिमार्जन समेत गर्न सकिनेछ।

**१३.** **स्टेशनरी तथा खाजा व्यवस्थापन** : (१) क्लव सञ्चालनका लागि स्टेशनरी लगायतका आवश्यक अध्ययन सामाग्री स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

(२) क्लव सञ्चालन भएको दिनमा क्लवका सहभागीहरुको लागि खाजा व्यवस्थापनमा प्रति व्यक्ति एक सय पचाँस रूपैंया सम्म खर्च गर्न सक्नेछ।

**१४.** **अनुगमन/मूल्याङ्कन** : रोजगार सेवा केन्द्रले क्लवको कार्यसञ्चालन र व्यवस्थापनका सम्वन्धमा नियमित र आवधिक अनुगमन मूल्याङ्कन गर्नु पर्नेछ। केन्द्रले तीन/तीन महिनामा क्लवको अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१५.** **प्रतिवेदन पेश गर्नुपर्ने** : रोजगार सेवा केन्द्रले प्रत्येक क्लव सञ्चालन भए पश्चात् क्लवका गतिविधि र प्रगतिको विषय उल्लेख गरी इकाईलाई प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद- ३

## युवा सहजकर्ताको पदपूर्ति तथा कार्यविवरण

१६. **युवा सहकजकर्ता** : युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गत इकाईबाट तोकिएका स्थानीय तहमा स्थानीय सेवाको पाँचौ तह सरहको १/१ जना युवा सहजकर्ता खुला प्रतिष्पर्धाबाट बढीमा छ (६) महिनाको लागि छनौट गरिनेछ।

१७. **न्यूनतम योग्यता र अनुभवः** युवा सहजकर्ता देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक (महिला) हुनु पर्नेछः

(क) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको।

(ख) सामाजिक परिचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास सम्बन्धी प्रशिक्षकको रूपमा कम्तीमा एक वर्षको अनुभव भएको।

(ग) नियुक्तिको लागि आवेदन दिने अवधि सम्म १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा गरेको।

(ङ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै सजाय नभएको।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

१८. **पदपूर्ति समितिको गठन** : युवा सहजकर्ताको नियुक्तिका लागि सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षतामा प्रशासन महाशाखा/शाखा प्रमुख सदस्य र रोजगार संयोजक सदस्य सचिव रहने गरी पदपूर्ति समिति गठन गर्नु पर्नेछ।

१९. **दरखास्त आह्वान गर्ने** : (१) स्थानीय तहले युवा सहजकर्ताको पदपूर्तिका लागि पन्ध्र दिनको समय तोकि स्थानीय तहको वेभसाईट, सूचना पाटी र सबै वडा कार्यालयमा अनुसूची- १ बमोजिमको ढाँचांआ दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) दरखास्त आह्वानको सूचना बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो योग्यता तथा अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपि उम्मेदवार स्वयमले प्रमाणित गरी अनुसूची- २ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको कागजात/प्रमाणपत्र झुठ्ठा ठहर भएमा छनौट प्रक्रियाबाट निष्कासन गर्ने र छनौट भई करार सम्झौता भएको अवस्था समेत करार सम्झौता रद्द गरी कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।

२०. **प्रारम्भिक योग्यताको सूची प्रकाशन गर्ने** : (१) आवेदन म्याद समाप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको प्रारम्भिक सूची प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सूची प्रकाशन गर्दा देहायका आधारमा मूल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने बढीमा दश जना सम्म उम्मेदवारको नामावली वर्णानुक्रम अनुसार प्रकाशन गर्नु पर्नेछः-

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत -१० अङ्क

(ख) न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता वापत- ५ अङ्क

(ग) सामाजिक परिचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास प्रशिक्षणमा एक वर्ष कार्य गरेको अनुभव वापत- १० अङ्क र थप प्रत्येक वर्षको अनुभव वापत प्रति वर्ष ५ अङ्कका दरले बढिमा १० अङ्क गरी कुल -२० अङ्क

(घ) सहजकर्ता/जीवनोपयोगी/उद्यमशीलता/क्षमता विकास सम्बन्धी कम्तिमा एक महिनाको तालिम लिएको भए सो वापत -५ अङ्क

(ङ) सम्बन्धित जिल्लाको स्थायी वासिन्दा भए अङ्क -५ र सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दा भए थप ५ अङ्क गरी कुल -१० अङ्क

समेत कूल जम्मा ५० अङ्क

(३) प्रारम्भिक सूची सँगै लिखित परीक्षाको लागि मिति, समय र स्थान तोकी सूचना प्रकाशन गर्नु पर्नेछ। योग्यताक्रममा रहेका उम्मेदवारलाई एस.एम.एस./टेलिफोन तथा इमेल मार्फतबाट समेत जानकारी दिनु पर्नेछ।

२१. **लिखित परीक्षा** : (१) पदपुर्ति समितिले प्रारम्भिक सूचीमा रहेका उम्मेदवारहरु मध्ये उक्त पदमा युवा सहजकर्ता छनौट गर्न ३० पूर्णाङ्कको वस्तुगत र २० पूर्णाङ्कको विषयगत गरी कुल ५० पूर्णाङ्कको लिखित परिक्षा लिईनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उम्मेदवारले उत्तिर्ण हुन ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लिईने लिखित परीक्षाको समय १ घण्टा ३० मिनेटको हुनेछ।

२२. **अन्तिम सूचि प्रकाशन गर्ने** : (१) समितिले लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारले प्राप्त गरेको अङ्क र प्रारम्भिक योग्यता मूल्याङ्कनको प्राप्ताकंको जोडका आधारमा उम्मेदवारको अन्तिम योग्यताक्रमको सूचि प्रकाशन गर्नु पर्नेछ।

(२) पदपूर्तिका लागि उपदफा (१) बमोजिम प्रकाशित सूचिबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्तिम योग्यता सूची प्रकाशन गर्दा उम्मेदवारहरुले बराबर अङ्क प्राप्त गरेको अवस्थामा उमेरलाई आधार लिई जेष्ठ उम्मेदवारलाई छनौट गर्नु पर्नेछ। सोको जानकारी सम्बन्धित उम्मेदवारलाई एस.एम.एस., टेलिफोन तथा इमेल मार्फत समेत गराउनु पर्नेछ।

(४) अन्तिम योग्यताको सूचीबाट उक्त पदका लागि उम्मेदवार छनौट गरिसकेपछि बाँकी रहेका सबै उम्मेदवारहरु वैकल्पिक सूचिमा रहनेछन्।

२३. **करार सम्झौता गरी कामकाज गर्न खटाउनु पर्ने** : सम्बन्धित स्थानीय तहले छनौट भएको उम्मेदवारलाई करारका शर्त र सुविधा खुलाई अनुसूची- ३ बमोजिमको करार सम्झौता गरी कामकाजमा खटाई सोको जानकारी इकाईलाई गराउनु पर्नेछ।

२४. **वैकल्पिक उम्मेदवारलाई खटाउने** : (१) छनौट भएको उम्मेदवार सूचना प्रकाशन भएको मितिले एक हप्ताभित्र करार सम्झौता गर्न नआएमा वैकल्पिक सूचिमा रहेका उम्मेदवारसँग करार सम्झौता गरी कामकाजमा खटाउनु पर्नेछ।

(२) करार सम्झौता भई कामकाजमा खटिएकोमा कुनै कारणवश छ (६) महिना भित्र सहजकर्ताको पद रिक्त हुन गएमा वैकल्पिक उम्मेदवारलाई बाँकी अवधिको लागि करार सम्झौता गरी कामकाजमा लगाउन सकिनेछ।

२५. **सहजकर्ताको पद रिक्त हुने अवस्था** : (१) देहायको अवस्थामा सहजकर्ताको पद रिक्त हुनेछः

(क) निजले राजिनामा पेश गरी स्वीकृत भएमा,

(ख) स्थानीय तहको कार्यपालिकाको निर्णयबाट निजको करार अन्त्य भएमा,

(ग) सम्बन्धित स्थानीय तहमा जानकारी नगराई लगातार दश दिनसम्म अनुपस्थित भएमा,

(घ) भ्रष्टाचार गरेमा वा फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,

(ङ) निजको मृत्यु भएमा,

(२) उपदफा (१) बमोजिम रिक्त रहेको सहजकर्ताको पदमा बाँकी अवधिको लागि पदपूर्ति गरी इकाईलाई जानकारी गराउनु पर्नेछ।

२६. **कार्य सञ्चालन सम्बन्धी अभिमूखिकरण** : युवा सहजकर्तालाई क्लव सञ्चालन सम्बन्धी प्राविधिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न स्थानीय तहले अभिमुखीकरण गरी काममा खटाउनु पर्नेछ।

२७. **सहजकर्ताको कार्यविवरण** : युवा सहजकर्ताको कार्यविवरण देहाय बमोजिम हुनेछ;

(क) सम्बन्धित स्थानीय तहले तोकेको वडामा दफा ५ बमोजिम महिला क्लव गठन गरी सहभागी गराउनु पर्नेछ।

(ख) सहजकर्ताले प्रत्येक क्लवमा सहभागी मध्येबाट एक जना क्लव संयोजकको छनौट गर्नु पर्नेछ।

(ग) क्लवमा सञ्चालन हुने क्रियाकलापको विवरण क्लव गठन भएको १५ दिनभित्र रोजगार सेवा केन्द्रमा पेश गर्नु पर्नेछ।

(घ) रोजगार सेवा केन्द्रको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा रही क्लव गठन भएको वडामा प्रत्येक महिना कम्तिमा एक पटक क्लव सञ्चालन गर्नु पर्नेछ।

(ङ) मापदण्डको दफा ११ मा उल्लेखित विषयमा क्लवलाई सहजीकरण गर्नु पर्नेछ।

(च) क्लवमा सहभागी हुने सदस्यको ज्ञान, सीप र अनुभवको अभिलेख राख्नु पर्नेछ।

(छ) प्रत्येक क्लव सञ्चालनको प्रतिवेदन रोजगार सेवा केन्द्रलाई बुझाउनु पर्नेछ।

(ज) क्लवका सदस्यहरु उपस्थितिको विवरण रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(झ) स्थानीय तहमा उपलब्ध विज्ञ व्यक्तिलाई क्लव सहजीकरणका लागि परिचालन गर्न पहल गर्नु पर्नेछ।

(ञ) क्लवको भौतिक संरचना र उपलब्ध श्रोत साधनको संरक्षण गर्नु पर्नेछ।

(ट) क्लव सञ्चालनको लागि कार्ययोजना तयार गर्ने र स्वीकृति गराउने।

(ठ) क्लव व्यवस्थापनको लागि रोजगार सेवा केन्द्रसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

(ड) प्रमुख प्रशासकीय अधिकृत तथा रोजगार सेवा केन्द्रले तोके बमोजिम क्रियाकलापहरु गर्नु पर्नेछ।

## परिच्छेद- ४

## युवा सहजकर्ताको सेवा शर्त र सुविधा

२८. **तवल भत्ता** : (१) सहजकर्ताले स्थानीय तहमा प्रशासन सेवाको पाँचौ तहको शुरु तलव स्केल बराबर तलव सुविधा पाउनेछ।

(२) सहजकर्ताको तलव वापतको रकम नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउनेछ।

२९. **बिदा**: (१) सहजकर्ताले देहायका बिदाहरु पाउनेछः

(क) घर बिदाः रुजु हाँजिरीको आधारमा छब्बिस (२६) दिन काम गरे वापत एक दिन।

(ख) बिरामी बिदाः रुजु हाँजिरीको आधारमा छब्बिस (२६) दिन काम गरे वापत एक दिन

(२) बिदाहरु सञ्चित गरे वापतको कुनै सुविधा पाइने छैन।

३०. **बिदाको स्वीकृति** : सहजकर्ताको बिदा रोजगार संयोजकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ।

३१. **<u>आचरण</u>** : सहजकर्ताले स्थानीय तहका कर्मचारीका लागि तोकिए बमोजिमको आचरण र अनुशासनको पालना गर्नु पर्नेछ।

३२. **<u>बाधा अड्काउ फुकाउने</u>** : यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ वा द्विविधा भएमा इकाईले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची- १

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

**पदपूर्ति सम्बन्धी सूचनाको नमूना**

................ गाउँ / नगर कार्यपालिकाको कार्यालय

................................

**युवा सहजकर्ता पदमा करार सेवाबाट पदपूर्ति गर्ने सम्बन्धमा**

(प्रथम पटक प्रकाशित मितिः २०.../...../....)

.............. गाउँपालिका/नगरपालिकामा महिला लक्षित रोजगारीको लागि तयारी क्लव सञ्चालन गर्न युवा सहजकर्ता (पद सङ्ख्या १) खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएका योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला) ले ................ मार्फत रु. ........... राजश्व दाखिला गरेको प्रमाण सहित सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ............. | ............. | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

(१) **आवश्यक न्यूनतम योग्यता र अनुभवः** न्यूनतम योग्यता र अनुभव "रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१" को दफा १९ बमोजिम हुनु पर्नेछ।

(२) **दरखास्त दिने स्थानः** गाउँ/नगर कार्यपालिकाको कार्यालय .........

(३) **दरखास्त दिने अन्तिम मितिः** २०८..../....... /.......

(४) **आवेदनको दस्तुरः** रु. ......./- (अक्षरेपी ...........मात्र)

(५) **छनौटको किसिमः** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन तथा लिखित परीक्षा

(६) **आवेदनका साथ संलग्न हुनु पर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

क) नागरिकताको प्रमाणपत्र

ख) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) अनुभवको कागजात

घ) तालिमको प्रमाणपत्र

ङ) पासपोर्ट साइजको फोटो

(७) **सेवा सुविधाः** रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ को परिच्छेद ४ बमोजिम हुनेछ।

**अनुसूची- २**

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

| |
|---|
| **कार्यालय प्रयोजनको लागि** |
| **परिक्षार्थीको रोल नं.:** |

| |
|---|
| पासपोर्ट साईजको फोटो |

| उम्मेदवारले दरखास्त फाराम भरेको पदसम्बन्धी विवरण | |
|---|---|
| **पदः** युवा सहजकर्ता | **तहः** स्थानीय सेवाको पाँचौ तह |

<table>
<tr><th colspan="6">आवेदकको व्यक्तिगत विवरण</th></tr>
<tr><td colspan="5">नाम थरः</td><td>लिङ्गः</td></tr>
<tr><td colspan="2">नागरिकता नं.:</td><td colspan="3">जारी गर्ने जिल्लाः</td><td>जारी मितिः</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>(क) प्रदेशको नामः</td><td rowspan="2">(ख) जिल्लाः</td><td colspan="3" rowspan="2">(ग) स्थानीय तहको नामः</td></tr>
<tr><td>(घ) वडा नं :</td></tr>
<tr><td colspan="2">पत्राचार गर्ने ठेगानाः</td><td colspan="2">सम्पर्क नं.:</td><td colspan="2">ईमेलः</td></tr>
<tr><td colspan="3">बाबुको नाम, थरः</td><td colspan="3">आमाको नाम, थरः</td></tr>
<tr><td colspan="3">बाजेको नाम, थरः</td><td colspan="3">पति/पत्नीको नाम,थरः</td></tr>
<tr><td>जन्म मिति</td><td>(वि.सं.मा)</td><td colspan="2">(ईस्वी सन)</td><td colspan="2">दरखास्त दिने मितिमा आवेदको उमेर (वर्ष तथा महिनामा)</td></tr>
</table>

| शैक्षिक योग्यता सम्बन्धी विवरण एस.एल.सी.देखी माथि | | | |
|---|---|---|---|
| योग्यता | विद्यालय/विश्वविद्यालय | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क प्रतिशत/सी.जी.पी.ए. |
| | | | |

<table>
<tr><td colspan="3">अन्य विवरण</td></tr>
<tr><td colspan="3">रक्त समूहः</td></tr>
<tr><td rowspan="2">आपतकालीन सम्पर्कः</td><td>नामः</td><td>ठेगानाः</td></tr>
<tr><td>नाताः</td><td>सम्पर्क नं.:</td></tr>
</table>

उपर्युक्त बमोजिमको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

| | |
|---|---|
| दायाँ | बायाँ |

| |
|---|
| हस्ताक्षर |

## अनुसूची- ३

(दफा २३ को सँग सम्बन्धित)

**करार सम्झौता**

………… गाउँ/नगर कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र …………… जिल्ला,…………………गाउँपालिका/नगरपालिका, वडा नं…… मा बस्ने श्री ………………..(यसपछि दोश्रो पक्ष भनिएको) का बीच ………………………… गाउँपालिका/नगरपालिकाको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत **युवा सहजकर्ता** पदमा कामकाज गर्न गराउन पदपूर्ति समितिको मिति …………… को निर्णयानुसार देहायका कार्यशर्तको अधीनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो सम्झौता गरी एक-एक प्रति आपसमा बुझि लियौं/दियौ।

**करार सम्झौताका शर्तहरुः**

१. दोस्रो पक्षले रोजगारीको लागि महिला लक्षित तयारी क्लव सञ्चालन गर्ने सम्बन्धी मापदण्ड, २०८० बमोजिमका कार्यहरु सम्पादन गर्नु पर्नेछ।

२. दोस्रो पक्षले यो सम्झौता भएको मितिले १५ दिनभित्र शर्तको बुँदा नं .१ बमोजिम तोकिएका कार्यहरुका आधारमा कार्ययोजना बनाई स्वीकृतिका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३. **सेवा तथा सुविधा :** दोश्रो पक्षको सेवा तथा सुविधा मापदण्डको परिच्छेद- ४ बमोजिम हुनेछ।

४. **आचरणको पालना :** दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

५. **कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

६. **गोप्यता :** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवम् गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

७. **करार अवधि :** यो करार मिति…………. देखि लागू भई २०८.. सम्मको लागि हुनेछ।

८. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार दश (दश) दिन भन्दा सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्तिलाई सेवा करारमा राखी काम लगाउन बाधा पर्ने छैन

९. **प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएका विषय प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**१०. युवा सहजकर्ताको कार्यविवरण देहाय बमोजिम हुनेछः-**

(क) सम्बन्धित स्थानीय तहले तोकेको वडामा महिला क्लव गठन गर्नु पर्नेछ।

(ख) सहजकर्ताले प्रत्येक क्लवमा सहभागी मध्येबाट एक जना क्लव संयोजकको छनौट गर्नु पर्नेछ।

(ग) क्लवमा सञ्चालन हुने क्रियाकलापको विवरण क्लव गठन भएको १५ दिन भित्र रोजगार सेवा केन्द्रमा पेश गर्नु पर्नेछ।

(घ) रोजगार सेवा केन्द्रको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा रही क्लव गठन भएको वडामा प्रत्येक महिना कम्तिमा एक पटक क्लव सञ्चालन गर्नु पर्नेछ।

(ङ) मापदण्डमा उल्लेखित विषयमा क्लवलाई सहजिकरण गर्नु पर्नेछ।

(च) क्लवमा सहभागी हुने सदस्यको ज्ञान, सीप र अनुभवको अभिलेख राख्नु पर्नेछ।

(छ) क्लवको समग्र व्यवस्थापन गर्नु गराउनु पर्नेछ।

(ज) प्रत्येक क्लव सञ्चालनको प्रतिवेदन रोजगार सेवा केन्द्रलाई बुझाउनु पर्नेछ।

(झ) क्लवका सदस्यहरु उपस्थितिको विवरण रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

(ञ) स्थानीय तहमा उपलब्ध विज्ञ व्यक्तिहरुलाई क्लव सहजिकरणका लागि परिचालन गर्न पहल गर्नु पर्नेछ।

(ट) क्लवका कुनै सदस्य रोजगारीमा संलग्न भएमा निजको सट्टा अन्य व्यक्तिलाई सहभागी गराउनु पर्नेछ।

(ठ) क्लवको भौतिक संरचना र उपलब्ध श्रोत साधनको संरक्षण गर्नु पर्नेछ।

(ड) क्लव सञ्चालनको लागि आवश्यक स्टेशनरी तथा खाजा व्यवस्थापनको लागि रोजगार सेवा केन्द्रसँग समन्वय गर्नु पर्नेछ।

(ढ) प्रमुख प्रशासकीय अधिकृत तथा रोजगार सेवा केन्द्रले तोके बमोजिम क्लव सञ्चालनसँग सम्बन्धित अन्य क्रियाकलापहरु गर्नु पर्नेछ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| (नामः- ......................................) | (नामः- ..........................................) |
| प्रमुख प्रशासकीय अधिकृत | |
| ............ गाउँ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | |
| मितिः | मितिः |